मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ९ गते मंगलबार ❑ 23 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संसदीय अभ्यासमा 'टाउको गणना' गर्ने प्रणाली अस्थिरताको कारक - मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधानमा व्यवस्था गरिएको साझा अधिकार सूचीका कारण प्रदेश तथा स्थानीय तहले कानुन निर्माण र कार्यान्वयनमा विभिन्न कठिनाइ भोग्नुपरेको गुनासो गर्नु भएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा मुख्य न्यायाधिवक्ताको कार्यालयको समन्वय तथा सहकार्यमा सोमबार पोखरामा सम्पन्न "संघीयता सवलीकरणमा संविधान संशोधन, गण्डकी प्रदेशको भूमिका र आगामी कार्यदिशा" विषयक नीति संवाद कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले साझा अधिकार सूचीको पुनरावलोकन आवश्यक रहेको धारणा व्यक्त गर्नु भएको हो। संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट स्पष्ट नभएका कारण कानुन कार्यान्वयनमा समस्या उत्पन्न भएको उल्लेख गर्दै उहाँले साझा अधिकार सूची हटाएर प्रत्येक तहका सरकारलाई स्पष्ट र एकल अधिकार दिनुपर्ने माग गर्नुभयो। "साझा अधिकारका सूची भएका कारण आवश्यक धेरै कानुन बन्न सकेका छैनन्। त्यसको प्रत्यक्ष असर प्रदेश र स्थानीय तहले भोग्नुपरेको छ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो,। तीन तहका सरकारको कार्यक्षेत्र र जिम्मेवारी संविधानमै अझ स्पष्ट रूपमा निर्धारण हुनुपर्ने उहाँको भनाई थियो। संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउन संविधान संशोधनको बहस आवश्यक रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले समय, परिस्थिति र आवश्यकताअनुसार संविधान परिमार्जन गरिनुपर्ने बताउनु भयो। मुख्यमन्त्री पाण्डेले नेपालको संसदीय अभ्यासमाथि पनि प्रश्न गर्नुभयो। संसदमा बहुमतका लागि 'टाउको गणना' गर्ने अभ्यासले राजनीतिक अस्थिरता बढाएको उहाँको दाबी थियो। "अस्थिरताभन्दा ठूलो खतरा निरंकुशता हो," उहाँले भन्नुभयो "अस्थिरतालाई नियन्त्रण गर्न सकिन्छ, तर निरंकुशतालाई छाडा छोडियो भने लोकतान्त्रिक उपलब्धि नै जोखिममा पर्न सक्छ।" प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्थाबारे पनि बहस हुनुपर्ने धारणा उहाँले राख्नुभयो। संविधान जारी हुनुअघि बनेका केही कानुनका कारण प्रदेश र स्थानीय तहको अधिकार प्रयोगमा अवरोध देखिएको उल्लेख गर्दै उहाँले संघीय संरचनाअनुकूल कानुनी सुधार आवश्यक रहेको बताउनु भयो। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको अध्यक्षतामा सम्पन्न पहिलो सत्रको कार्यक्रममा गण्डकी प्रदेश सभामुख कृष्णप्रसाद धिताल, पूर्व मुख्यमन्त्री खगराज अधिकारी, मुख्य न्यायाधिवक्ता चिरन्जिबी शर्मा पौडेल, जनप्रतिनिधि, कानुन व्यवसायी, नागरिक समाजका प्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा संविधान संशोधनका आवश्यकता, संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन, प्रदेश सरकारको भूमिका तथा संघीयतालाई थप सुदृढ बनाउन आवश्यक रणनीतिबारे व्यापक छलफल भएको सहायक न्यायाधिवक्ता अमृत रेग्मीले बताउनुभयो।

## एमाले उपाध्यक्ष पौडेल पक्राउ

**रासस**
काठमाडौं, ८ असार



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णु पौडेललाई पक्राउ गरिएको छ।

सम्पत्ति शुद्धीकरणको कसुरमा उपाध्यक्ष पौडेललाई सोमबार साँझ ६:०० पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी उपरीक्षक ठाकुरप्रसाद पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ स्थित शुभ होटलको सभाहलबाट पक्राउ गरिएको हो। पौडेललाई काठमाडौं पठाउनका लागि स्थलगत मार्गबाट सुर्खेत प्रहरीले नेपालगञ्ज लिएर गएको प्रहरी उपरीक्षक पौडेलले बताउनुभयो। उपाध्यक्ष पौडेल एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनःगठनसम्बन्धी सुझाव सङ्कलन कार्यक्रमका लागि सुर्खेत आउनुभएको जनाइएको छ। पूर्वअर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष बुटवल उपमहानगरपालिका-९ रुपन्देही घर भई हाल ललितपुर महानगरपालिका-२५ ललितपुर स्थित सैबु आवास आयोजनामा बसोबास गर्दै आउनुभएको प्रहरीले जनाएको छ। उहाँलाई प्रहरी उपरीक्षक पौडेलको नेतृत्वमा १० विशेष प्रहरी टोलीले पक्राउ गरेको जनाइएको छ।

## रास्वपाको बन्दसत्र सर्यो

**रासस**
चितवन, ८ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनको बन्दसत्र सरेको छ। रास्वपाले अब बन्द सत्र मङ्गलबार बिहान ७ बजेपछि सुरु हुने जनाएको छ।

रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार बिहान ७ बजेपछि बन्द सत्र गर्ने गरी आजको बन्दसत्र स्थगित भएको हो। प्रतिनिधिहरु विरुद्धमा परेको उजुरीमाथिको छानबिनका लागि समय आवश्यक भएकाले बन्दसत्र सारिएको हो। बन्दसत्र उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुँदैछ। उहाँका अनुसार बन्दसत्रको सुरुमा अनुशासन आयोगबाट रमाकान्त रिमालले अनुशासन आयोगको प्रतिवेदन प्रस्तुत गर्नुहुने छ। त्यसमा छलफल हुनेछ। सो पश्चात कोषाध्यक्ष लिमा अधिकारीको आर्थिक प्रतिवेदन प्रस्तुति र छलफल हुनेछ। कोषाध्यक्षको प्रतिवेदनपछि महामन्त्री कविन्द्र बुर्लाकोटीले सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्नुहुनेछ भने त्यसमाथि छलफल पनि हुनेछ। सो पश्चात पार्टीका सहमहामन्त्रीले विधानमाथिको छलफल र त्यसलाई अनुमोदन गराइने छ। विधान अनुमोदनपछि पार्टी सभापति रवि लामिछानेले राजनीतिक प्रतिवेदन पेस गर्नुहुनेछ भने उक्त प्रतिवेदनमा छलफल र अनुमोदन गरिने छ। पार्टी सभापति लामिछानेले अन्तरिम व्यवस्थापन समिति गठन घोषणा एवं आयोजक समितिले सम्पूर्ण जिम्मेवारी निर्वाचन आयोगलाई दिने तालिका छ।

## माादी गाउँपालिकाको बजेट ६५ करोड १२ लाख

**पोखरापत्र संवाददाता**
गण्डकी, ८ असार




कास्कीको मादी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ६५ करोड १२ लाख ५१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। गाउँपालिकाको उन्नाइसौं गाउँसभामा उपाध्यक्ष कल्पना गुरुङले बजेट वक्तव्य प्रस्तुत गर्दै आउदो बर्षको लागि उक्त बजेट सार्वजनिक गर्नु भएको हो।

प्रस्तावित बजेटमध्ये १८ करोड १४ लाख ९० हजार रुपैयाँ अर्थात् २७.८७ प्रतिशत पूँजीगततर्फ र ४६ करोड ९७ लाख ६१ हजार रुपैयाँ अर्थात् ७२.१३ प्रतिशत चालुतर्फ विनियोजन गरिएको उहाँले जनाउनु भयो। चालु खर्चको हिस्सा बढी देखिए पनि संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तथा तालिम, अनुदान, क्षमता विकासजस्ता उत्पादनमूलक कार्यक्रमहरू चालु शीर्षकमै समावेश गर्नुपर्ने व्यवस्थाका कारण यस्तो अवस्था देखिएको उपाध्यक्ष गुरुङले बताउनु भयो।

कृषि, पर्यटन, उत्पादन वृद्धि, रोजगारी सिर्जना र सुशासनलाई केन्द्रमा राखेर बजेट विनियोजन गरिएको उहाँको भनाई छ। गाउँपालिकाले आगामी वर्षको खर्च व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड, रोयल्टी, आन्तरिक आम्दानी, मौज्दात रकम तथा लागत सहभागिता सहित विभिन्न १२ वटा स्रोतबाट बजेट सुनिश्चित गरेको जनाएको छ। संघीय सशर्त अनुदान २८ करोड २९ लाख रुपैयाँसहित संघीय समानिकरण अनुदान, राजस्व बाँडफाँड र रोयल्टी बजेटका प्रमुख आधार बनेका छन्।

गाउँपालिकाले "समृद्ध मादी" को दीर्घकालीन लक्ष्यलाई साकार पार्न आर्थिक विकास, कृषि आधुनिकीकरण र पर्यटन पूर्वाधार निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ। यी क्षेत्रका कार्यक्रम सञ्चालनका लागि ३ करोड २९ लाख ५३ हजार रुपैयाँ विनियोजन गरिएको छ। कृषि तथा पशुपालन क्षेत्रलाई रूपान्तरण गर्ने उद्देश्यसहित व्यावसायिक कृषकलाई प्रोत्साहन गर्ने विभिन्न कार्यक्रम अघि सारिएका छन्। पौरखी किसान पुरस्कार, प्लास्टिक टनेल, असिना जाली, प्लास्टिक पोखरी तथा आधुनिक कृषि उपकरण खरिदमा अनुदान उपलब्ध गराइने भएको छ। रैथाने बाली संरक्षण, बीउबिजन व्यवस्थापन तथा कोल्ड स्टोरेजमार्फत भण्डारण प्रणालीलाई समेत प्रभावकारी बनाइने नीति लिइएको मादी गाउँपालिकाका अध्यक्ष देविजंग गुरुङले बताउनु भयो।

सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन गर्न 'एक गाउँ-एक उत्पादन' कार्यक्रमको सम्भाव्यता अध्ययन गरिनेछ भने बाँझो जमिन र नदी किनारका क्षेत्रलाई उत्पादनशील बनाउने लक्ष्यसहित बगर खेती विस्तार गरिने भएको हो। व्यावसायिक मौरीपालनको आधुनिकीकरण, महको ब्राण्डिङ तथा मादीको पहिचान बनेको गुन्द्रुकको उत्पादन, गुणस्तर अभिवृद्धि र बजारीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाले जनाएको छ।

पशुपालन क्षेत्रतर्फ भैंसी पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुग्ध संकलन केन्द्र स्थापना, दूधको मूल्य शृंखला विकास, भण्डारण तथा विविधीकरणका कार्यक्रम अघि बढाइनेछन्। साथै पशुहरूको निःशुल्क कृत्रिम गर्भाधान, गुणस्तरीय घाँस उत्पादन, औषधि तथा खोप व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको उपाध्यक्ष गुरुङले जनाउनु भयो।

प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न मादीलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यसहित पर्यटन पूर्वाधार निर्माणमा विशेष जोड दिइएको छ।


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


## डिभाइडरमा मोटरसाइकल ठोक्किँदा युवाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

पोखरा महानगरपालिका-६ बुलौदीको ओरालोमा मोटरसाइकल दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ भने एक युवती गम्भीर घाइते हुनु भएको छ। आइतबार राति ११:२० बजे

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## सुक्तिसुधा

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक ।
– शेखसादी

## सम्पादकीय

# शक्तिको आडमा मुद्दा कमजोर बनाउँदा नेपाल ग्रे लिष्टमै

नेपालले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी लगानी नियन्त्रण प्रणालीको प्रभावकारिता सुदृढ गर्न एफएटीएफ र एपीजीसँग सहकार्य गर्ने उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएयता नेपालले आतंकवादी लगानी र सामूहिक विनाशकारी हतियारको प्रसारसम्बन्धी लगानी विरुद्ध लक्षित वित्तीय प्रतिबन्धसम्बन्धी व्यवस्थामा रहेका बाँकी प्राविधिक अनुपालन कमजोरीहरू सम्बोधन गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी लगानी नियन्त्रण प्रणाली सुधार गर्न कदम चालेको छ । नेपालले आफ्नो रणनीतिक कमजोरीहरू समाधान गर्न एफएटीएफको कार्ययोजना कार्यान्वयनलाई निरन्तरता दिनुपर्छ भनेर वेबसाइटमा राखेको छ । अहिले सम्पत्ति शुद्धीकरणमा केही विचौलीया विरुद्ध मुद्दा चलाएपनि तिनैसंग जोडिएका राजनीतिक नेतृत्वलाई उन्मुक्ति दिनु, शक्तिको आडमा मुद्दा कमजोरएफ बनाउने कार्यले सरकारको भनाइ र गराइमा फरक देखिएको छ । दिपक भट्ट, सलभ अग्रवाल लगायत विरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा चलाउने बाध्यता यसैका कारणले मात्र हो ।

मुलुकको कानुन कार्यान्वयन गर्ने मुख्य निकाय र अदालतहरूबाटै सत्तारुढ दलका शीर्ष नेता जोडिएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधजस्ता गम्भीर मुद्दाहरू धमाधम फिर्ता वा संशोधन गरिएका छन् । पछिल्लो समय सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहितका आरोपितहरूविरुद्ध चारवटा जिल्ला अदालतमा दर्ता भएका संगठित अपराध र सम्पत्ति शुद्धीकरणका गम्भीर अभियोगहरू सरकारी निर्णयकै आधारमा संशोधन गरी हटाइएका छन् । एफएटीएफले नेपाललाई दिएको निर्देशन नेपालको अनुसन्धान क्षमता र न्यायिक प्रक्रियासँग सिधै जोडिएका छन् । एफएटीएफ सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि नियामक तथा अनुसन्धान गर्ने निकायहरूको क्षमता र आपसी समन्वय बढाउन, सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाहरूको अनुसन्धान र अदालतमा मुद्दा दर्ताको संख्या बढाउन र अपराधबाट आर्जित सम्पत्ति र त्यसका साधनहरू रोक्का गर्ने तथा जफत गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

अन्तर्राष्ट्रिय जगत्मा नेपालले यी क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता जनाइरहँदा देशभित्र भने राज्यशक्ति र न्यायालयको व्याख्या राजनीतिक अनुकूलताका आधारमा निर्देशित भएको देखिन्छ । फागुन २१ को निर्वाचनबाट संसद्मा १ सय ८२ सिटसहित सबैभन्दा ठूलो दल बनेर सरकारमा सहभागी भएको रास्वपाका सभापति रवि लामिछानेमाथि लागेका गम्भीर मुद्दाहरू सरकारी वकिलकै प्रस्तावमा अदालतहरूले फिर्ता गरिदिएका छन् । कास्की, रुपन्देही, पर्सा र काठमाडौं जिल्ला अदालतहरूले लामिछाने र उनका साझेदारहरूविरुद्ध रहेका पाँचमध्ये चार जिल्लाका सम्पत्ति शुद्धीकरण र संगठित अपराधका अभियोगहरू सच्याउन सरकारलाई सहमति दिएका हुन् । यससँगै लामिछानेमाथि अब सहकारी ठगीको मूल मुद्दा मात्र बाँकी रहेको छ । यो प्रक्रियाको सुरुवात गत भदौ २३ र २४ को जेनजी आन्दोलनको बलमा बनेको सरकारकी महान्यायाधिवक्ता सविता भण्डारीले गरेकी थिइन् । उनले प्रतिवादीहरूमाथिको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग सच्याउने र मूल सहकारी ठगीको मुद्दा मात्र यथावत् राख्ने निर्णय गरेकी थिइन् ।

शुरुमा यो निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेपछि जिल्ला अदालतहरूले प्रक्रिया रोकेका थिए। तर, फागुन २१ को निर्वाचनपछि राजनीतिक समीकरण बदलिएसँगै उच्च अदालत पोखराले बाटो खोलिदिएपछि कास्की, रुपन्देही ,पर्सा र काठमाडौं जिल्ला अदालतहरूबाट अभियोग संशोधनको प्रस्ताव धमाधम स्वीकृत भयो। चारवटै जिल्ला अदालतले अभियोग पत्र संशोधनको निवेदन स्वीकार गर्दा 'पीडितको मूल उद्देश्य बचत रकम फिर्ता पाउनु रहेको' व्याख्या गरेका छन् । संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर कायम राख्दा कानुनी रूपमा मिलापत्र हुन नसक्ने र यसले रकम फिर्ताको प्रक्रिया थप जटिल बन्ने भएकाले यी कसुर हटाउनु न्यायसङ्गत हुने अदालतहरूको तर्क छ । तर, कानुनी विश्लेषकहरूका अनुसार सम्पत्ति शुद्धीकरण र संगठित अपराध जस्ता राज्यविरुद्धका गम्भीर फौजदारी कसुरहरूलाई 'पीडितको पैसा फिर्ता गराउने' नाममा फितलो बनाइनुले गलत नजिर बस्ने र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि थप बिग्रने खतरा रहन्छ । महान्यायाधिवक्ताको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको सार्वजनिक सरोकारको रिट अझै विचाराधीन छ। सुरुमा संयुक्त इजलास हुँदै वृहत् इजलासमा पुगेको यो मुद्दालाई अहिले 'गम्भीर र जटिल कानुनी प्रश्न' मान्दै पूर्ण इजलासमा पेस गर्न आदेश दिइएको छ। तर, पूर्ण इजलासमा यसबारे सुनुवाइ भएको छैन । शक्तिको आडमा गरिने कामले देशको छवि विगार्ने काम गर्छ । नेपालले गरेको प्रतिबद्धता र थालेका सुधारका काम वालुवामा पानी नहुन भन्ने तर्फ ध्यान जानू आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# टिपर दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ असार

स्थानीय बन्दीपुर गाउँपालिका-४ गुम्बा नजिक टिपर दुर्घटनामा चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा व्यास नगरपालिका-४ का ३६ बर्षीय चुनु श्रेष्ठ रहेका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार ग१क ५४६६ नंम्बरको तीव्र गतिमा रहेको टिपरका चालकले नियन्त्रण गुमाउँदा टिपर दुर्घटनामा परेको थियो । दुर्घटनामा गम्भीर घाइते चालक श्रेष्ठको सैनिक अस्पताल पोखरा उपचारको क्रममा सोमबार मृत्यु भएको हो ।

# १७ हजार नौ सय ४८ प्रतिष्ठानको गणना

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ असार

तनहुँमा १७ हजार नौ सय ४८ प्रतिष्ठानको गणना गरिएको छ । जिल्ला आर्थिक गणना कार्यालय तनहुँले वैशाख २ गतेदेखि असार ७ गतेसम्म १७ हजार नौ सय ४८ प्रतिष्ठानको आर्थिक गणना सम्पन्न गरेको हो ।

आर्थिक गणना कार्यालयका प्रमुख ऋषिराम सिग्देलले १७ हजार आठ सय ७५ प्रतिष्ठानको कागजी प्रश्नावलीमार्फत र ७३ प्रतिष्ठानको इ-सेन्ससमार्फत गणना गरिएको जानकारी दिनुभयो । तनहुँ जिल्लामा विसं २०७५ सालमा गरिएको आर्थिक गणनामा १२ हजार चार सय ३३ प्रतिष्ठानको गणना गरिएको थियो । उहाँले भन्नुभयो, आर्थिक गणनामा गणनाको दायराभित्र पर्ने सन्दर्भ अवधि (आर्थिक वर्ष २०८१/८२) मा आर्थिक क्रियाकलाप सञ्चालन गरेका सबै प्रतिष्ठानको तथ्याङ्क सङ्कलन गरिएको छ । सिग्देलले यो पूर्ण गणना भएको हुनाले कुनै पनि प्रतिष्ठान छुट्नु हुँदैन भन्ने अभिप्रायले कार्यालयले जिल्लास्थित विभिन्न सरकारी निकाय तथा निजी क्षेत्रका विभिन्न सङ्घसंथासँग समन्वय तथा सहकार्य गरिएको सिग्देलले बताउनुभयो । गणना कार्य समन्वय गर्न जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला आर्थिक गणना समन्वय समिति गठन भएको छ भने पालिका स्तरमा स्थानीय तह प्रमुखको संयोजकत्वमा समन्वय समिति गठन भएका छन् । त्यसैगरी वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा आर्थिक गणना वडा सहजीकरण समिति क्रियाशिल रहेको छ । गणनामा कुनै पनि प्रतिष्ठान छुटे नछुटेको अनुगमन गर्नका लागि आइतबार नै तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको नेतृत्वमा जिल्ला आर्थिक गणना अधिकारी समेतको टोलीले जिल्लाका म्याग्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिकाको अनुगमन निरीक्षण गरेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, ओम शान्ति भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ओम शान्ति भवन निर्माण
ठेगानाः पोखरा-१५
योजना सम्झौता मिति ः २०८२/११/१५ गते
योजना सुरु मितिः २०८२/११/१६ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२५ गते
योजनाको कुल लागतः रु. ११,११,५२८।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११।-
उपभोक्ता समिति अध्यक्षः शिब बहादुर बानिया
सम्पर्क नं.ः ९८५६०२७८८०
उपभोक्ता समिति सदस्यः ९ जना

**ओम शान्ति भवन निर्माण उपभोक्ता समिति**
**पोखरा-१५**



HIMALAYANLIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००९३३९ | प्रगति दाहाल/ बिष्णु दाहाल | कास्कीकोट०१, कास्की |
| २ | PLI १६१०००९२२३ | सुरज दाहाल / बिष्णु दाहाल | कास्कीकोट०१, कास्की |
| ३ | PLI १६१००१५१३७ | सन्दीप छन्त्याल | पोखरा-१६, कास्की |


# मुस्ताङ पुगे सात लाख पर्यटक

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ असार

चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा म्याग्दीको उत्तरी क्षेत्रमा पर्ने रघुगंगा र अन्नपूर्ण गाउँपालिका हुदै बेनी-जोमसोम सडक भएर सात लाखजना भन्दा धेरै पर्यटक मुस्ताङ घुम्न गएका छन् । यो संख्या गत आर्थिक वर्षको १२ महिनाको बराबर हो ।

म्याग्दीको सिमानामा पर्ने मुस्ताङको घाँसामा रहेको सिमा प्रहरी चौकीको तथ्याङ्क अनुसार गत साउनदेखि जेठसम्म सात लाख पाँच हजार साच सय ५४ जना स्वदेशी र विदेशी पर्यटक मुस्ताङ प्रवेश गरेका छन् । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने एकमात्र बेनी-जोमसोम सडक भएर मुस्ताङ भित्रने नाकामा रहेको घाँसामा प्रहरीले सवारी साधन मार्फत भित्रने पर्यटकहरुको अभिलेख राख्ने गरेका छन् । एघार महिनामा एक लाख ५१ हजार एक सय ६० सवारी साधन मार्फत चार लाख ६० हजार नौ सय २४ स्वदेशी र दुई लाख ४४ हजार आठ सय ३० विदेशी पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । सबैभन्दा बढी गत जेठ महिनामा २७ हजार चार सय ८८ सवारी साधन मार्फत ९० हजार नौ सय ३९ विदेशी र ४० हजार आठ सय ३८ जना गरी कुल एक लाख ३१ हजार सात सय ७७ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । पछिल्लो समय भारतीय पर्यटक बढेको तथा आन्तरिक पर्यटकको आगमन पनि बढेकाले मुस्ताङ जाने पर्यटकको सङ्ख्या बढेको हो । पर्यटकको चापका कारण बेनी-जोमसोम सडकमा पर्ने बेनी, गलेश्वर, तातोपानी, दानाका होटलहरु भरिभराउ हुने गरेका छन् । बर्खायामको सुरुवाती समयको अनुकूल बैशाख-जेठमा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो । मुस्ताङ भित्रिएका बाह्य पर्यटकको संख्यामध्य ८० प्रतिशत बढी भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालले बताउनुभयो । गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरको दर्शन गर्ने उद्देश्यले भारतीय र नेपाली पर्यटक मुस्ताङ आउने गर्दछन् । यसका साथै कागबेनीधाममा श्राद्ध र तर्पण गर्ने, कोरला नाका र लोमान्थाङको अवलोकन गर्ने उद्देश्यले मुस्ताङमा पर्यटकको उपस्थित हुने गरेको हो । पृथक भूगोल, जैविक विविधता, प्राचीन कला संस्कृति, रहनसहन, हिमाली सौन्दर्यता र यहाँको विशेष प्रकारको मौलिकताका कारण मुस्ताङमा पर्यटकीय आकर्षण बढ्दै गएको छ ।

# यान्त्रिक हलो अभावले किसानलाई धान रोप्न समस्या

**पोखरापत्र संवाददाता**
पर्वत, ८ असार

पर्वतको कुश्मा नगरपालिकाले स्थानीय किसानबाट रकम सङ्कलन गरेको तीन महिना बितिसक्दासम्म (मिनिटिलर) यान्त्रिक हलो वितरण नगरेपछि पर्वतको कुश्मा नगरपालिकाका किसान चिन्तित बनेका छन् ।

नगरपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो उपलब्ध गराउनेगरी गत चैतमा नै ५० प्रतिशत रकम किसानबाट सङ्कलन गरेको थियो । कुश्मा नगरपालिकाका १४ वडाबाट ७०५ किसानले यान्त्रिक हलो उपलब्धताका लागि नगरपालिकामा निवेदन दिए पनि नगरपालिकाले विभिन्न विधामार्फत २०० किसानलाई छनोट गरेको थियो । छनोटपश्चात् ५० प्रतिशतबापतको रु २० हजार प्रतिकिसान सङ्कलन गरे पनि रकम लिएको तीन महिना बितिसक्दासम्म यान्त्रिक हलो उपलब्ध गराउन सकेको छैन । कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण पौडेलका अनुसार बोलपत्र आह्वानपश्चात् छनोट भएको क्वालिटी रिन्युयबल प्रालि काठमाडौंले समयमा गुणस्तरीय उपकरण उपलब्ध गराउन नसक्दा किसानलाई यान्त्रिक हलो वितरण गर्न ढिलाइ भएको बताउनुभयो ।

नगरपालिकाले उक्त कम्पनीसँग रु ६२ लाख ७९ हजार लागतमा यान्त्रिक हलो उपलब्ध गराउनका लागि सम्झौता गरिसकेको छ । गत जेठ २१ गते सम्झौता भए पनि अहिले असारमा मात्रै उक्त कम्पनीले परीक्षणका लागि यान्त्रिक हलो उपलब्ध गराएको र दुईपटकसम्म उपलब्ध भएका उपकरण चेक जाँचमा समस्या भएपछि पुनः ल्याउनका लागि अनुरोध गरिएको कृषि शाखाका निमित्त प्रमुख बलबहादुर जिटीले बताउनुभयो । जिटीका अनुसार नगरपालिकाले माग गरेको हलो कम्तीमा सात हर्जपावर र ८० किलो तौल हुनुपर्नेमा त्यो नभएपछि परीक्षणका लागि उपलब्ध गराएको हलो फिर्ता पठाएर अर्को माग गरिएको बताउनुभयो । नगरपालिकामा हलोका लागि निवेदन दिए पनि रकम जम्मा गरेको तीन महिनासम्म हलो उपलब्ध नहुँदा आफूहरूले ठूलो रकम खर्च गरेर बाँझो खेतबारी जोत्नुपर्ने अवस्था आएको कुश्मा नगरपालिका-२ का किसान टीकाराम शर्माले बताउनुभयो । "नगरपालिकाबाट समयमा नै गुणस्तरीय यान्त्रिक हलो आउला र वर्षेबाली लगाउँला भन्ने थियो तर तीन महिना बितिसक्यो हलो आएन", उहाँले भन्नुभयो, "अहिले प्रतिघण्टा रु एक हजार तिरेर जोत्नुपर्ने अवस्था आएको छ", उहाँजस्तै अन्य किसानको पनि समयमा हलो उपलब्ध नगराएकोप्रति गुनासो व्यक्त गरेका छन् । सम्झौता गरेको कम्पनीले समयमा गुणस्तरीय सामग्री उपलब्ध गराउन नसक्दा किसानलाई सास्ती भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो । उहाँले जतिसक्दो छिटो किसानलाई हलो उपलब्ध गराउने गरी लागिएको बताउनुभयो । अहिले धान रोप्ने समयमा हलो उपलब्ध नहुँदा किसान ठूलो समस्यामा परेका छन् । अहिले पर्वतमा धान र कोदो रोप्न किसानलाई भ्याइनभ्याई भएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९८/०५/३०

स्वर्गारोहणः
वि.स. २०८३/०२/२८

**स्वः भगवती कुमारी श्रेष्ठ**

यस भद्रकाली माई सामाजिक सिँ गुठीका नाय गोपालप्रसाद श्रेष्ठका **श्रीमती भगवती कुमारी श्रेष्ठ**को ८५ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई अत्यन्तै दुःखी एवम् मर्माहत बनाएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**माधव प्रधान**
**सचिव तथा**
**श्री भद्रकाली माई सामाजिक सिँ गुठी परिवार**
**पोखरा महानगरपालिका-१३, भद्रकाली**

# कुश्मा नगरपालिकाको आगामी बजेट झण्डै ९० करोड

पोखरापत्र संवाददाता
पर्वत, ८ असार

पर्वतको कुश्मा नगरपालिकाले आगामी आर्थिक वर्ष विसं २०८३/०८४ का लागि करिब रु ९० करोड बराबरको बजेट सार्वजनिक गरेको छ।

नगरपालिका उपप्रमुख स्वस्थानी रिजालले १३ औं नगर अधिवेशनका अवसरमा आइतवार रु ८९ करोड ९९ लाखको बजेट प्रस्तुत गर्नुभएको हो । नगरपालिकाले 'समृद्ध सुन्दर कुश्मा नगर' निर्माणको दीर्घकालीन लक्ष्यलाई आधार बनाएर पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन तथा सुशासनलाई केन्द्रमा राख्दै बजेट विनियोजन गरेको जनाएको छ। प्रस्तुत बजेटमध्ये चालुतर्फ ५३ दशमलव २५ प्रतिशत र पुँजीगततर्फ ४६ दशमलव ७५ प्रतिशत रकम विनियोजन गरिएको छ। बजेट कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान, राजस्व बाँडफाँट, आन्तरिक आय तथा मौज्दात रकमलाई स्रोतका रूपमा अनुमान गरिएको उपप्रमुख रिजालले जानकारी दिनुभयो।

नगरसभाले आगामी आर्थिक वर्षका लागि भौतिक पूर्वाधारतर्फ निर्माणाधीन नगरपालिकाको प्रशासकीय भवन सम्पन्न गर्न रु दुई करोड विनियोजन गरेको छ।

वडा तहका सडक, खानेपानी तथा सिँचाइ आयोजनाका लागि रु सात करोड ५० लाख बजेट व्यवस्था गरिएको छ। वडा नं ९ मा सञ्चालन हुने 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत कटुवाचौपारी-मल्याङ्दीखोला लिफ्ट खानेपानी आयोजनाका लागि रु एक करोड विनियोजन गरिएको छ। कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षालाई प्राथमिकता दिँदै कृषि यान्त्रीकरण र प्लाष्टिक टनेल विस्तार कार्यक्रमका लागि रु एक करोड ४५ लाख विनियोजन गरेको छ। शिक्षा क्षेत्रतर्फ उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न रु १५ लाख, सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्न रु १३ लाख ८१ हजार तथा दिवा खाजा कार्यक्रमका लागि रु ७३ लाख एक हजार बजेट छुट्याइएको छ।

यसैगरी पर्यटन प्रवर्द्धनका लागि गुप्तेश्वर धार्मिक पर्यटन प्रवर्द्धन केन्द्रमा रु ९० लाख तथा लक्ष्मीनारायण मन्दिर (शालग्राम आश्रम) का लागि रु १० लाख बजेट विनियोजन गरिएको उपप्रमुख रिजालले जानकारी दिनुभयो। विपद् व्यवस्थापनका लागि रु ४० लाख तथा फोहोरमैला व्यवस्थापनका लागि रु ३० लाख छुट्याइएको छ। साथै स्थानीय सरकारको सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउन आवश्यक बजेट व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले रु ८९ करोड ९७ लाख ४० हजार बजेट कार्यान्वयन गरिरहेको छ। असार ५ गतेसम्म रु ५५ करोड ८२ लाख ३६ हजार खर्च भई ६१.७४ प्रतिशत वित्तीय प्रगति हासिल भएको नगरपालिकाको तथ्यांक रहेको छ। उपप्रमुख रिजालले बजेटले नगरवासीको विकास आकांक्षालाई सम्बोधन गर्ने विश्वास व्यक्त गर्दै पूर्वाधार, उत्पादन, रोजगारी, शिक्षा र सामाजिक विकासमार्फत समृद्ध तथा सुन्दर कुश्मा निर्माणमा टेवा पुग्ने बताउनुभयो।

यस अघि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम नगरप्रमुख रामचन्द्र जोशीले प्रस्तुत गर्नुभएको थियो।

नीति तथा कार्यक्रममा आगामी आर्थिक वर्षमा नगरभित्र सडक, खानेपानी, सुशासन पूर्वाधार विस्तार, कृषि आधुनिकीकरण र पर्यटन प्रवर्द्धन लाई मुख्य जोड दिइएको छ।

सबैभन्दा बढी जोड संस्थागत सुदृढीकरण, डिजिटल प्रशासन र पूर्वाधार विकासमा दिइएको छ भने आर्थिक समृद्धिको माध्यमका रूपमा कृषि र पर्यटनलाई अगाडि सारिएको छ। जिल्लाका सात स्थानीय तहमध्ये पहिलोपटक कुश्मा नगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सार्वजनिक गरेको हो।

# बाँझो जमिनमा स्याउखेती २० रोपनी क्षेत्रमा स्याउखेती

पोखरापत्र संवाददाता
बागलुङ, ८ असार

तमानखोला गाउँपालिकाले वर्षौंसम्म बाझो रहेको २० रोपनी जमिनमा स्याउखेती गरी आयआर्जनको बाटो पहिल्याएको छ।

गाउँपालिका-४ को गोर्दी, बहेली क्षेत्रका बाझो जमिनमा एक हजार ५०० जातका विभिन्न स्याउका बिरुवा रु सात लाखको लगानीमा रोपी खेती गर्न थालेको तमानखोला गाउँपालिका-४ का अध्यक्ष छप्रसाद सिर्पालीले बताउनुभयो। बिरुवाको देखदेख, गोडमेल र व्यवस्थापन सोही वडाले गर्ने गरी व्यवस्था मिलाएको छ। समुद्री सतहदेखि दुई हजार ५०० मिटरको उचाइमा रहेको गोर्दी र तीन हजार ५०० मिटरको उचाइमा रहेको बहेलीमा स्याउ लगाएर हुर्किएपछि राम्रो उत्पादन हुने विश्वास गाँउपालिकाले गरेको छ। पालिकाले कार्यविधि बनाइ पहिलो चरणमा बाझो जमिनमा खेती गरेको हो। "यो क्षेत्रमा स्याउखेती राम्रो हुने अपेक्षा लिएका छौँ, सुरुमा परीक्षणका लागि २० रोपनीमा पन्ध्र सय बिरुवा लगाएका छौँ, यसले उत्पादन दिन थालेपछि अन्य क्षेत्रमा पनि विस्तार गर्ने हाम्रो योजना छ", अध्यक्ष बुढा मगरले भनुभयो, "यस क्षेत्रमा स्याउ उत्पादन हुन थाल्यो भने यहाँका नागरिक आयआर्जनसँग जोडिने छन्, भने पर्यटन प्रवर्द्धन पनि हुने अपेक्षा लिएका छौं।" अध्यक्षले भनुभयो।

# गोरखामा दुई करोडको लागतमा गोरखनाथ मन्दिर निर्माण

पोखरापत्र संवाददाता
गोरखा, ८ असार



गोरखा नगरपालिका-९ लक्ष्मीबजारस्थित आहालडाँडामा करिब रु दुई करोडको लागतमा गोरखनाथको मन्दिर निर्माण अन्तिम चरणमा पुगेको छ।

गोरक्षनाथ आश्रमका अध्यक्ष होमसिंह बस्न्यातले मन्दिर निर्माणको काम अहिलेसम्म करिब ७० प्रतिशत सम्पन्न भइसकेको र आउँदो फागुन महिनाभित्र निर्माण सम्पन्न गरी मन्दिर सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिनुभयो।"

शिखरशैलीमा निर्माण गरिएको मन्दिरमा गोरखनाथको मूर्तिसहित प्राणप्रतिष्ठा राखेर सञ्चालनमा ल्याइने अध्यक्ष उहाँको भनाइ छ। उहाँका अनुसार आहालडाँडामा मन्दिरका लागि झण्डै ४१७ रोपनी क्षेत्रफल जमिन भोगाधिकारका लागि अधिकार प्राप्त भएको छ।

मन्दिर परिषद्मा ध्यानकेन्द्र, स्थानीय जातका गौशाला, धर्मशाला, प्रवचनकक्ष, निर्माण गर्ने तयारी भइरहेको छ। त्यस्तै गोरखनाथ कल्याण केन्द्रको सहयोगमा मन्दिर परिसरमा नै गुरुकुल सञ्चालनमा ल्याउन लागिएको उहाँले बताउनुभयो।

मन्दिरलगायत मन्दिर परिसरमा भौतिक संरचना निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारसँग आर्थिक सहयोग प्राप्त भएको छ। मन्दिर निर्माणका लागि अन्य सङ्घ संस्था र दाताहरूसँग आर्थिक सहयोग भने नलिएको उहाँको भनाइ छ।

# देशकै पहिलो पोषणमैत्री बन्दै बडिगाड गाउँपालिका

रासस
बागलुङ, ८ असार

बागलुङको बडिगाड गाउँपालिकाका सबै वडालाई पोषणमैत्री वडा घोषणा गरिएको छ। सबै वडा पोषणमैत्री घोषणासँगै गाउँपालिका पनि पोषणमैत्री घोषणाको चरणमा छ।

बडिगाड गाउँपालिका देशकै पहिलो पोषणमैत्री बन्ने तयारीमा जुटेको हो। देशभरको तथ्याङ्कअनुसार बागलुङको बडिगाड गाउँपालिका र स्याङ्जाको कालीगण्डकी गाउँपालिका पोषणमैत्री वडा घोषणा गरेर पालिका घोषणाको चरणमा पुगेका छन्। स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले समेत सबै वडा पोषणमैत्री घोषणा गरिसकेकाले ती दुइ मध्ये जस्ले पहिला घोषणा गर्छ त्यो नै देशको पहिलो पोषणमैत्री गाउँपालिका हुने पोषण र बालमैत्री विषयका राष्ट्रिय प्रशिक्षक बिष्णुप्रसाद चौबेले जानकारी दिनुभयो। बडिगाड गाउँपालिकाले सङ्घीय सरकारको सहयोगमा तीन वर्ष यता पोषणमैत्री गाउँपालिका बनाउने अभियान सफलता पाएको पालिका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो।

थापाका अनुसार जेठ २८ गते बडिगाड गाउँपालिका-९ दर्लिङलाई पहिलो वडाको रुपमा घोषणा गरिएको र असार ५ गते सम्म सबै वडा घोषणा गरिएको छ। पोषणमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक ३४ वटै सूचक पूरा भएपछि पोषणमैत्री वडा घोषणा भएको हो। बडिगाड गाउँपालिकामा तीन वर्ष यता पोषण सुधारमा थुप्रै काम भएको स्थलगत अनुगमनमा देखिएको र विभिन्न समूह गठनगरी पोषण सचेतना सहित आवश्यक सबै तयारी पूरा उपाध्यक्ष भिमसेन वनले जानकारी दिनुभयो।

कार्यविधिले तोकेका ३४ वटै सूचक पूरा भइसकेको जिल्ला स्तरीय अनुगमन समितिले प्रमाणीकरणपश्चातु वडा घोषणा भएको वनको भनाइ छ। बडिगाड गाउँपालिकामा २०७९/०८० देखि गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा ल्याएर वडा-वडामा सहजकर्ता खटाउने, तालिम दिने, करेशावारी, भान्सा, गोठ सुधार सँगै रैथाने अन्नबालीको उपयोगमा जोड दिएपछि गाउँपालिका पोषणमैत्री बनेको हो। पालिकाभित्रका विद्यालयका विद्यार्थीलाई फाष्टफूड निषेध गरेर सातु, कोदोको हलुवा, खिर, चना र अण्डा लगायतका खाजा खुवाउन थालिएको छ। अहिले विद्यालयमा शुद्ध खानेपानीदेखि तौल गर्न स्वास्थ्यचौकी आएका बालबालिकालाई अण्डा उपहार समेत दिन थालिएको बडिगाड गाउँपालिका-१० स्थित दुर्गममा रहेको दर्लिङ आधारभूत स्वास्थ्य केन्द्रका भीमकुमारी बुढा मगरले जानकारी दिनुभयो। बडिगाडका सबै विद्यालयमा पत्रु खाना (जङ्क फुड) लैजान रोक लगाइएको छ। विद्यार्थीले घरबाटै ल्याउनुपरेमा पनि पोषणयुक्त खाना मात्र विद्यालयमा ल्याउन पाइने नियम छ। विद्यालयबाहेकको समयमा पनि घर र समुदायमा पुगी पोषणयुक्त खानेकुराको महत्व र प्रयोगका बारेमा सचेतना जगाउने काम भइरहेको बडिगाड गाउँपालिका-१ का पोषण सहजकर्ता टीका गिरीले बताउनुभयो।

गाउँपालिकाका पोषणमैत्री घोषणा गर्न दसवटै वडामा पोषण प्रवर्द्धन तथा सुधारका गतिविधि सञ्चालन सम्पन्न भइसकेको छ। स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकीय प्रबन्धका क्षेत्रमा तोकिएका सूचक पूरा भएको कार्यक्रमका संयोजक शेरबहादुर बुढाले बताउनुभयो।

गाउँपालिकाभित्र रहेका ६९ टोल पूर्ण सरसफाइ युक्त घोषणा, सबै स्वास्थ्य संस्था समेत पोषणमैत्री बनिसकेको उहाँको भनाइ छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ल्याएको 'पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०८०' ले पोषणमैत्री स्थानीय तह घोषणाका लागि ३४ वटा सूचक तय गरेकामा सबै सूचकमा नतिजा हासिल भइसकेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ नदिपुरमा नारायणस्थान धार्मिकक्षेत्रको पूर्वाधार निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः नारायणस्थान मन्दिर पूर्वाधार निर्माण
उपभोक्ता समितिको नामः नारायणस्थान मन्दिर पूर्वाधार निर्माण उपभोक्ता समिति, पोखरा-३, कास्की
योजना सम्भौता मितिः २०८२/१२/२४ गते
योजना सुरु मितिः २०८२/१२/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/०५ गते
महानगरपालिकाबाटः रु. २५,००,०००/-
जनसहभागिताः रु. २,७८,०००/-
योजनाको कुल लागतः रु. २७,७८,०००/-
उपभोक्ता समिति अध्यक्षः महेश पराजुली

**नारायणस्थान मन्दिर पूर्वाधार निर्माण उपभोक्ता समिति, पोखरा-३, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, ओडारे प्रतिक्षालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः ओडारे प्रतिक्षालय निर्माण
ठेगानाः पोखरा-३३
योजना सम्भौता मिति : २०८३/०२/०४ गते
योजना सुरु मितिः २०८३/०२/०५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/०५ गते
योजनाको कुल लागतः रु. ३,३३,९१९.१२
महानगरपालिकाबाटः रु. ३,००,०००|-
जनसहभागिताबाटः रु. ३३,९१९.१२
उपभोक्ता समिति अध्यक्षः जगन्नाथ आचार्य
सम्पर्क नं.: ९७६५६५५७७७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**ओडारे प्रतिक्षालय निर्माण उपभोक्ता समिति पोखरा-३३**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९८/०५/३०

स्वर्गारोहणः
वि.स. २०८३/०२/२८

### स्वः भगवती कुमारी श्रेष्ठ

हाम्रा प्रात स्मरणीय आदरणीय पत्नी/आमा/हजुरआमा **भगवती कुमारी श्रेष्ठ** को ८५ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएकाछौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**श्रीमानः**
**गोपालप्रसाद श्रेष्ठ**
**बुहारी :**
**अपार श्रेष्ठ**
**नातिनातिनाः**
**आयुष, स्पृया श्रेष्ठ**
**छोरी ज्वाइँ**
**माला/तीर्थ श्रेष्ठ**
**नातिहरुः**
**आश्मिन, अनिष श्रेष्ठ**

**तथा**
**सम्पूर्ण श्रेष्ठ परिवार**
**पोखरा महानगरपालिका-१३, कुँडहर, वि.पी. मार्ग**